# शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

आन्तरिक मामिला न्त्रालय,बागमती प्रदेश

# शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

**२०७८।११।३०**

**प्रस्तावनाः** कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको कक्षमा निश्चित समयसम्म भण्डारण गरी बजारको माग अनुसार बजारमा आपूर्ति गर्ने तथा उत्पादन उपरान्त हुने नोक्सानीलाई कम गरी कृषकको आम्दानी बढाउने उद्देश्यले प्रदेश सरकारको एकल लगानी वा प्रदेश सरकार र स्थानीय तह/सहकारीबीचको लागत साझेदारीमा निर्माण भएका शीत भण्डार गृह (Cold Store) हरुको हस्तान्तरण, प्रभावकारी सञ्चालन, दिगो व्यवस्थापन तथा नियमन गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तारः** (१) यस कार्यविधिको नाम "शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि २०० मेट्रिक टन भन्दा बढी क्षमताका शीत भण्डार गृहहरुको हकमा लागू हुनेछ ।

(३) यो कार्यविधि प्रदेश सरकारको एकल लगानी वा प्रदेश सरकार र स्थानीय तह/ सहकारी संस्थासँगको लागत साझेदारीमा निर्माण हुने शीत भण्डार गृहहरुको हकमा लागू हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “कृषि उपजहरु” भन्नाले कृषकहरुले उत्पादन गरेर बजार पूर्व सुरक्षित भण्डारण गर्नु पर्ने आलु, तरकारी, फलफूल, बीउ विजन आदि सम्झनु पर्छ ।

(ख) “प्रदेश” भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ग) “मन्त्रालय” भन्नाले प्रदेशको कृषि हेर्ने मन्त्रालय, सम्झनु पर्छ।

(घ) “शीत भण्डार गृह” भन्नाले कृषि उपजहरुलाई निश्चित समयसम्म सुरक्षित भण्डारण गर्न सकिने उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको सिङ्गलचेम्बर वा मल्टिचेम्बरयुक्त कक्ष सहितको संरचना सम्झनु पर्छ ।

(ङ) “सहकारी संस्था” भन्नाले शीत भण्डार सञ्चालनबाट लाभान्वित हुने कृषकहरु आवद्ध रहेको स्थानीय सहकारी संस्था सम्झनु पर्छ ।

(च) “सञ्चालक समिति” भन्नाले दफा ७ बमोजिमको शीत भण्डार सञ्चालक समिति सम्झनु पर्छ

(छ) “साझेदार संस्था” भन्नाले मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार निर्माण हुने / भएका शीत भण्डार गृहहरुमा कूल लागतको कम्तीमा तीस प्रतिशत लागत साझेदारी रहेका स्थानीय तह सम्झनु पर्छ ।

(ज) “सेवा शुल्क निर्धारण समिति” भन्नाले दफा ९ बमोजिमको समिति सम्झनु पर्छ ।

(झ) “स्थानीय तह” भन्नाले शीत भण्डार गृह अवस्थित रहेको सम्बन्धित स्थानीय तह सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-२

## <u>शीत भण्डार सञ्चालन एवं व्यवस्थापन</u>

३. **<u>शीत भण्डार हस्ताण्तरण:</u>** (१) मन्त्रालयले शीत भण्डार गृहहरुको निर्माण तथा जडान कार्य सम्पन्न गरे पश्चात सोको प्राविधिक परीक्षण एवं मूल्याङ्कन गरी सम्बन्धित साझेदार संस्थालाई विधिवत हस्तान्तरण गर्नेछ ।

तर प्रदेश सरकारको एकल लगानीमा निर्माण सम्पन्न हुने वा भएका शीत भण्डार गृहहरु सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्दा त्यस्तो शीत भण्डारको स्वामित्व मन्त्रालयमा नै रहने गरी भोगाधिकार मात्र हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएका शीत भण्डार गृहको दिगो सञ्चालन, व्यवस्थापन, रेखदेख तथा मर्मत संभार सम्बन्धी सम्पूर्ण दायित्व र जिम्मेवारी साझेदार संस्थाको हुनेछ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारको एकल लगानीमा निर्माण भएका शीत भण्डार सम्बन्धित स्थानीय तह/साझेदार संस्थाले मन्त्रालयबाट भोगाधिकार प्राप्त गरेकोमा यस कार्यविधि बमोजिम कार्य नगरेमा जुन सुकै बखत मन्त्रालयले भोगाधिकार फिर्ता लिन सक्नेछ ।

४. **<u>स्वामित्व हुने:</u>** यस कार्यविधि बमोजिम प्रदेश सरकारको एकल लगानीमा निर्माण सम्पन्न हुने वा भएका शीत भण्डार गृहहरु बाहेक अन्य शीत भण्डार गृहको सम्पत्ति माथिको स्वामित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

५. **<u>साझेदारको नाम उल्लेख गर्नु पर्ने:</u>** यस कार्यविधि बमोजिम निर्माण भएका शीत भण्डार गृहमा साझेदारहरुले  गरेको लागानी अंश र नाम समेत उल्लेख गरी देख्ने स्थानमा राख्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६. **कृषि उपज भण्डारणः** (१) शीत भण्डारमा विशेष गरी आलु, तरकारी र फलफूल लगायतका कृषि उपजहरु भण्डारण गरिने छ ।

(२) शीत भण्डारमा कृषि उपजहरुलाई नेपाल सरकारको स्वीकृत पोष्टहार्भेष्ट प्रोटोकल अनुसार निर्धारित तापक्रम, सापेक्षित आद्रता एवं उपयुक्त हावाको सञ्चार कायम गरी निश्चित समयसम्म भण्डारण गर्नु पर्नेछ।

७. **शीत भण्डार सञ्चालक समिति गठनः** (१) सम्बन्धित साझेदार संस्थाले शीत भण्डार गृहको नियमित सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति गठन गर्नेछः-

(क) उप प्रमुख, सम्बन्धित स्थानीय तह -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -सदस्य

(ग) सम्बन्धित वडा अध्यक्ष -सदस्य

(घ) अध्यक्ष, जिल्ला सहकारी संघ -सदस्य

(ङ) अध्यक्ष, सम्बन्धित सहकारी संस्था -सदस्य

(च) कृषक प्रतिनिधि (व्यवसायिक कृषक/कृषि उद्यमी) -सदस्य

(छ) कृषि शाखा प्रमुख, सम्बन्धित स्थानीय तह -सदस्य-सचिव

(२) सञ्चालक समितिमा कम्तीमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

(३) सञ्चालक समितिका सबै सदस्यहरु साझेदार संस्था प्रति उत्तरदायी हुनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>**सञ्चालक समितिको काम कर्तव्य र अधिकारः**</u> सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शीत भण्डार गृहको नियमित सञ्चालन, व्यवस्थापन, रेखदेख तथा मर्मत संभार को लागि आवश्यक प्रवन्ध मिलाउने,

(ख) कृषकले उत्पादन गरेका कृषि उपजहरुको सुरक्षित भण्डारण, गुणस्तर प्रवर्द्धन र बजार आपूर्तिको लागि सहज र सर्वसुलभ व्यवस्था मिलाउने,

(ग) शीत भण्डार गृहसँग सम्बन्धी समग्र व्यवस्थापन र दैनिक प्रशासनिक कामको जिम्मेवारी सहित सञ्चालक समितिको निर्देशन बमोजिमको कार्य सम्पादन गर्ने एक जना योग्य एवं सक्षम व्यवस्थापक (Manager) नियुक्त गर्ने,

(घ) शीत भण्डारको नियमित एवं प्रभावकारी सञ्चालन र सेवा प्रवाहको लागि आवश्यक पर्ने प्राविधिक जनशक्तिको नियुक्ति एवं व्यवस्थापन गर्ने,

(ङ) सेवा शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्क लिई कृषकहरुलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(च) सेवा शुल्क बापत प्राप्त आम्दानी र खर्चको सही किसिमले लेखा जोखा राख्ने र परिचालन गर्ने,

(छ) शीत भण्डारको लागि आवश्यक सबै किसिमका श्रोत साधनहरु जुटाउने,

(ज) मन्त्रालय र स्थानीय तहले निर्देशन गरे बमोजिमको कार्यहरु गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

९. **<u>सेवा शुल्क निर्धारणः</u>** (१) शीत भण्डार गृह मार्फत कृषक/कृषि उद्यमी/व्यवसायीलाई सेवा प्रदान गरे बापतको सेवा शुल्क निर्धारण गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछः-

(क) प्रमुख, सम्बन्धित स्थानीय तह -संयोजक

(ख) उप-प्रमुख, सम्बन्धित स्थानीय तह -सदस्य

(ग) प्रमुख, कृषि ज्ञान केन्द्र -सदस्य

(घ) संयोजकबाट मनोनित कृषक प्रतिनिधि, एक जना महिला सहित दुई जना -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -सदस्य-सचिव

(२) सेवा शुल्क निर्धारण समितिको सदस्य संख्या आवश्यकता र औचित्यताको आधारमा थप घट गर्न सकिने छ ।

(३) सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा देहायका कुराहरुलाई आधार मान्नु पर्नेछः-

(क) शीत भण्डार गृहको सेवा बापत शुल्क निर्धारण गर्दा सम्बन्धित जिल्ला वा स्थानीय तहमा रहेको निजी लगानीमा सञ्चालन हुने जुनसुकै शीत भण्डारहरुले निर्धारण गरेको भन्दा बढी शुल्क नहुने गरी सहुलियतपूर्ण तरिकाले निर्धारण गर्नु पर्नेछ । यस्तो शुल्क सबैले देख्नेगरी सम्बन्धित शीत भण्डार गृहको हाताभित्र राख्नु पर्नेछ ।

(ख) सहकारी संस्था, स्थानीय कृषक एवं कृषि उद्यमी/व्यवसायीलाई लिइने भण्डारण तथा सेवा शुल्क निर्धारण गर्दा मुख्य गरी सञ्चालन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

खर्च, व्यवस्थापन खर्च र मर्मत संभार खर्चको मात्र लेखाजोखा एवं विश्लेषण गर्नु पर्नेछ । उक्त शुल्क निर्धारण गर्दा शुरु पुँजी लगानीको अंशलाई आधार मानिने छैन ।

(ग) जिल्ला बाहिरका व्यवसायी तथा अन्य कृषि उपज संकलनकर्ताहरुको हकमा भने शुरु पूँजी लगानीलाई समेत विश्लेषण गरी शुल्क निर्धारण गर्न सकिने छ ।

(घ) समितिले सेवा शुल्क निर्धारण गर्नको लागि आवश्यकता अनुसार विज्ञ तथा परामर्शदाताको सहयोग लिन सक्ने छ ।

(ङ) सेवा शुल्कवापत प्राप्त आम्दानीलाई साझेदार संस्थाको स्वीकृतिमा सञ्चालक समितिले शीत भण्डार गृहको नियमित सञ्चालन, व्यवस्थापन, रेखदेख, मर्मत संभार तथा स्तरोन्नति गर्न खर्च गर्नु पर्नेछ ।

(४) सेवा शुल्कको निर्धारण हरेक आर्थिक वर्षको शुरु महिनामा गरिसक्नु पर्नेछ ।

(५) सेवा शुल्क निर्धारण समितिले शुल्क निर्धारण गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ । मन्त्रालयबाट सेवा शुल्क स्वीकृत भएपश्चात मात्र लागू हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-३

## विविध

१०. **सेवा प्रवाहः** शीत भण्डार मार्फत सेवा प्रवाह गर्दा सम्बन्धित स्थानीय तह र जिल्लाभित्रका कृषक एवं कृषि उद्यमी/व्यवसायीहरुलाई पहिलो प्राथमिकता दिइनुपर्नेछ ।

**११.** **<u>सुरक्षा तथा बिमाको व्यवस्थाः</u>** स्थानीय तहले आवश्यक मापदण्ड/ कार्यविधि बनाई शीत भण्डारमा भण्डारण गरिने कृषि उपजहरुको बिमा लगायतका सुरक्षण उपायहरु अपनाउनु पर्नेछ ।

१२. **<u>नियमानुसार दर्ता हुनु पर्नेः</u>** साझेदार संस्थाले प्रचलित कानून अनुसार तोकेको निकायमा दर्ता प्रक्रिया पुरा गरी शीत भण्डार सञ्चालन गर्नु पर्नेछ ।

**१३.** **<u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>** मन्त्रालय र सम्बन्धित स्थानीय तहले शीत भण्डार र यसका सम्पूर्ण गतिविधिहरुको अनुगमन गरी आवश्यक पृष्ठपोषण तथा निर्देशन दिन सक्नेछ ।

**१४.** **<u>लेखा परीक्षणः</u>** (१) शीत भण्डार सञ्चालनको क्रममा हुन गएको आम्दानी खर्चको लेखा राख्ने, सो को नियमित लेखापरीक्षण गराउने व्यवस्था सञ्चालक समितिले गर्नु पर्नेछ ।

(२) वार्षिक आय व्यय तथा लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि मन्त्रालयमा अनिवार्य बुझाउनु पर्नेछ ।

१५. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यविधिको मर्म विपरीत नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश